# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, कात्तिक २३ गते, २०६३ साल (अतिरिक्तांक ४२

## भाग २

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६३ सालको ऐन नं. १५

### नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल राष्ट्र बैङ्क (पहिलो संशोधन) ऐन, २०६३" रहेको छ ।

(२) यो ऐन २०६३ साल भाद्र २४ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा २० मा संशोधन : नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २० को खण्ड (ग) को ठाउँ-ठाउँ मा रहेका "तथा" भन्ने शब्दको सट्टा "वा" भन्ने शब्द राखिएको छ ।

३. मूल ऐनको दफा ४९ मा संशोधन : मूल ऐनको दफा ४९ को उपदफा (२) मा रहेका "दफा ४८ को" भन्ने शब्दहरु झिकिएका छन् ।

४. मूल ऐनमा दफा ८६क., ८६ख., ८६ग., ८६घ., ८६ङ., ८६च., ८६छ., ८६ज., ८६झ., ८६ञ., ८६ट., ८६ठ., ८६ड. र ८६ढ. थप : मूल ऐनको दफा ८६ पछि देहायका दफा ८६क., ८६ख., ८६ग., ८६घ., ८६ङ., ८६च., ८६छ., ८६ज., ८६झ., ८६ञ., ८६ट., ८६ठ., ८६ड. र ८६ढ. थपिएका छन् :-

"८६क. वाणिज्य बैङ्क वा वित्तीय संस्थाले बैङ्कलाई जानकारी गराउनु पर्ने : कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था प्रचलित कानूनबमोजिम दामासाही वा खारेजीमा पर्ने अवस्था भएमा वा त्यस्तो बैङ्क वा वित्तीय संस्थाले भुक्तानी गर्नु पर्ने कुनै रकम भुक्तानी गर्न नसक्ने वा पूरा गर्नु पर्ने कुनै वा सबै दायित्व पूरा गर्न उल्लेखनीयरुपमा (म्याटेरियल्ली) असमर्थ भएमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाले सोको जानकारी बैङ्कलाई पन्ध्र दिनभित्र अविलम्ब गराउनु पर्नेछ ।

८६ख. वाणिज्य बैङ्क वा वित्तीय संस्था समस्याग्रस्त भएको मानिने : दफा ८६क. बमोजिमको जानकारी बैङ्कले प्राप्त गरेकोमा वा दफा ८४ बमोजिमको निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदनबाट वा अन्य कुनै पनि तवरबाट कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामा देहायको कुनै अवस्था विद्यमान रहेको कुरामा बैङ्क विश्वस्त भएमा बैङ्कले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई लिखित सूचना दिई समस्याग्रस्त भएको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको रुपमा घोषणा गर्नेछ :-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) निक्षेपकर्ता, शेयरधनी, साहू वा सर्वसाधारणको हितविपरीत हुने गरी कुनै कार्य गरेको देखिएमा,

(ख) आफूले पूरा गर्नु पर्ने वित्तीय दायित्व पूरा नगरेमा वा गर्नसक्ने सम्भावना नभएमा वा भुक्तानी गर्नु पर्ने रकम भुक्तानी गर्न नसकेमा,

(ग) दामासाहीमा परेको वा पर्न लागेको वा उल्लेखनीय रुपमा आर्थिक कठिनाई भोगिरहेको भएमा,

(घ) यस ऐन, वाणिज्य बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून, अन्य प्रचलित कानून, इजाजतपत्र प्रदान गर्दा तोकिएका शर्त वा बैङ्कको नियमन, निर्देशन वा आदेशको अवज्ञा वा उल्लंघन गरेको देखिएमा,

(ङ) झुट्ठा, जालसाज, गलत कागजात वा तथ्य पेश गरी इजाजतपत्र प्राप्त गरेको देखिन आएमा,

(च) यस ऐन, वाणिज्य बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून तथा बैङ्कले समय-समयमा दिएको निर्देशनबमोजिमको न्यूनतम पूँजी कोष कायम गर्न नसकेमा,

(छ) प्रचलित कानूनबमोजिम कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको खारेजी (लिक्विडेशन) वा दामासाही सम्बन्धी कानूनी कारबाही अघि बढाइएको भएमा,

(ज) स्वेच्छिक खारेजीको कारबाही शुरु भएकोमा त्यस्तो कारबाही पूरा गर्न अनुचित ढिलाई भएकोमा,

(झ) कुनै विदेशी वाणिज्य बैङ्क वा वित्तीय संस्थाको संलग्नतामा स्थापना भएको वाणिज्य बैङ्क वा

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वित्तीय संस्था भएमा त्यस्तो विदेशी वाणिज्य बैङ्क वा वित्तीय संस्था दामासाहीमा वा खारेजीमा परेमा वा खारेजीमा परी लिक्विडेटर नियुक्त भएमा वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको बैङ्किङ्ग कारोबार गर्ने इजाजतपत्र सम्बन्धित मुलुकको कानूनबमोजिम खारेज भएमा वा कारोबारमा आंशिक वा पूर्णरुपले प्रतिबन्ध लागेमा वा त्यस्ता वाणिज्य बैङ्क वा वित्तीय संस्थासँग सम्मिलित भई बैङ्किङ्ग कारोबार सञ्चालन गरेको देखिएमा, वा

(ञ) वाणिज्य बैङ्क वा वित्तीय संस्थाले आफूले गर्नु पर्ने भुक्तानी वा पूरा गर्नु पर्ने दायित्व वा काम कर्तव्यमा प्रतिकूल असर पार्ने अवस्था विद्यमान भएको कुरामा बैङ्क विश्वस्त भएमा ।

८६ग. समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई बैङ्कले कारबाही गर्न सक्ने : (१) दफा ८६ख. बमोजिम बैङ्कले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था समस्याग्रत भएको घोषणा गरेमा कम्पनी ऐन तथा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई बैङ्कले देहायको कुनै वा सबै कारबाही गर्ने आदेश दिन सक्नेछ :-

(क) नयाँ शेयर जारी गरी वा जारी पूँजीको भुक्तानी हुन बाँकी रकम भुक्तानी गर्न लगाई चुक्ता पूँजी वृद्धि गर्न लगाउने,

(ख) शेयरधनीहरुको मताधिकार वा अन्य अधिकारहरु आवश्यकता अनुसार निलम्बन गर्ने,

(ग) पूँजी वृद्धि गर्न शेयरधनीहरुलाई प्रदान गरिने लाभांश वा अन्य रकमहरु निश्चित अवधिका लागि वितरण गर्न रोक लगाउने,

(घ) सञ्चालक तथा अन्य उच्च पदाधिकारीहरुलाई प्रदान गरिने बोनस,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पारिश्रमिक, क्षतिपूर्ति तथा अन्य रकमहरुको वितरणको सीमा निर्धारण गर्ने,

(ङ) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सुशासन, आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापनको समुचित व्यवस्था मिलाउने,

(च) निक्षेप स्वीकार, कर्जा प्रवाह वा लगानीमा प्रतिबन्ध लगाउने वा सोको सीमा तोक्ने,

(छ) पूँजीको पर्याप्तता तथा तरलताको अनुपात उच्च राख्न लगाउने वा व्यवसायिक कारोबारमाथि प्रतिबन्ध लगाउने वा अन्य आवश्यक शर्त तोक्ने,

(ज) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कारोबार सीमित गर्ने वा जायजेथाको बिक्री गर्न वा शाखा विस्तार गर्न रोक लगाउने वा स्वदेश वा विदेशका कुनै शाखा कार्यालय बन्द गर्न लगाउने,

(झ) गुणात्मक रुपले सङ्कास्पद देखिएका सम्पत्ति र यथार्थ मूल्य अभिलेखन नभएका धितो वा अन्य सम्पत्तिहरुको जोखिम कम गर्न आवश्यक व्यवस्था मिलाउने,

(ञ) प्रचलित कानून तथा बैङ्कको नियमन उल्लंघन गरी अनियमित तरिकाबाट सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई हानि नोक्सानी पुग्न जाने कार्यमा रोक लगाउने,

(ट) वाणिज्य बैङ्क वा वित्तीय संस्थाले गर्न पाउने कार्यहरुमध्ये कुनै खास प्रकृतिको काम कारबाही कुनै खास अवधिका लागि गर्न रोक लगाउने,

(ठ) मुख्य-मुख्य पूँजीगत खर्च गर्दा उल्लेखनीय रुपमा दायित्व व्यहोर्नु पर्ने गरी प्रतिबद्धता

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जनाउँदा वा सम्भावित दायित्वमा खर्च गर्दा बैङ्कको पूर्व स्वीकृति लिनु पर्ने,

(ड) आवश्यकता अनुसार एक वा एकभन्दा बढी सञ्चालक, व्यवस्थापक वा कर्मचारीलाई हटाउन लगाउने,

(ढ) खण्ड (ड) बमोजिमको आदेश दिँदा सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाले सो आदेशमा उल्लिखित सञ्चालक, व्यवस्थापक वा कर्मचारीलाई नहटाएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले त्यस्ता सञ्चालक, व्यवस्थापक वा कर्मचारीलाई आफै हटाउन सक्नेछ ।

(ण) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सञ्चालक समिति निलम्बन गर्ने र त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई आफैं वा आफूद्वारा नियुक्त अधिकारीमार्फत त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन तथा कारोबार सञ्चालन गर्ने गराउने,

<u>स्पष्टिकरण</u> : "नियुक्त अधिकारी" भन्नाले यस खण्डबमोजिम बैङ्कले आफ्नो नियन्त्रणमा लिएको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन तथा कारोबार सञ्चालन गर्न बैङ्कद्वारा नियुक्त कुनै एक वा एकभन्दा बढी व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण (वि)भागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(त) धितोपत्र बजारमा सूचीकृत वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई धितोपत्र बजारबाट आफ्नो नाम हटाउन आवेदन दिन लगाउने,

(थ) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सुरक्षण नराखेको सहायक आवधिक ऋणको साँवा तथा ब्याज भुक्तानीमा प्रतिबन्ध लगाउने,

(द) बैङ्कले आवश्यक र उपयुक्त देखेका अन्य कुनै काम कारबाही गर्ने ।

(२) उपदफा (१) को खण्ड (ढ) बमोजिम वाणिज्य बैङ्क वा वित्तीय संस्थाका सञ्चालक, व्यवस्थापक वा कर्मचारीलाई हटाउने आदेश दिँदा वा खण्ड (ण) बमोजिम वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सञ्चालक समिति निलम्बन गर्दा त्यस्ता सञ्चालक, व्यवस्थापक, कर्मचारी वा सञ्चालक समितिलाई सुनुवाईको मनासिब मौकाबाट वञ्चित गरिने छैन ।

तर त्यस्तो मौका दिँदा वाणिज्य बैङ्क वा वित्तीय संस्था वा सोका निक्षेपकर्ता, शेयरधनी, साहू वा सर्वसाधारणको हितमा प्रतिकूल असर पर्ने देखिएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्ता सञ्चालक, व्यवस्थापक वा कर्मचारीलाई तत्काल निजको पद वा सेवाबाट हटाउन आदेश दिने वा सञ्चालक समिति निलम्बन गरी यथासंभव छिटो सुनुवाईको मौका प्रदान गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

१२५८

(३) उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिमको कारबाहीका सम्बन्धमा सुनुवाई गर्दा सो कारबाही मनासिब नदेखिएमा बैङ्कले उपदफा (१) को खण्ड (ढ) वा (ण) बमोजिमको आदेशलाई बदर गर्न, परिवर्तन गर्न वा अन्य मनासिब निर्णय गर्न सक्नेछ ।

(४) उपदफा (१) को खण्ड (ण) बमोजिम बैङ्कले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था आफ्नो नियन्त्रणमा लिई सोही खण्डमा उल्लिखित कुनै पनि तवरबाट वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन तथा कारोबार सञ्चालन गर्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाले व्यहोर्नु पर्नेछ ।

(५) उपदफा (१) को खण्ड (ण) बमोजिम बैङ्कले दिएको आदेशको अवधि बैङ्कले अर्को त्यस्तै आदेशद्वारा थप नगरेसम्म सामान्यतया दुई वर्षसम्म कायम रहनेछ ।

(६) उपदफा (१) को खण्ड (ण) बमोजिम बैङ्कले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई आफ्नो नियन्त्रणमा लिएकोमा सोको प्रारम्भिक प्रतिवेदन र तत्पश्चात बैङ्क वा बैङ्कद्वारा नियुक्त अधिकारीले तयार पारेको वार्षिक प्रतिवेदन नेपाल सरकारको जानकारीको लागि पठाउनेछ ।

(७) उपदफा (१) को खण्ड (ड), (ढ), (ण) र (त) बमोजिम दिइएको आदेश बैङ्कले आवश्यक ठानेमा अर्को आदेशबाट फिर्ता लिन वा बदर गर्न सक्नेछ । त्यसरी अर्को आदेश जारी गर्दा त्यस्तो आदेश जारी गर्नु पर्ने आधार तथा कारण र अन्य आवश्यक कुराहरु सो आदेशमा उल्लेख गर्नु पर्नेछ ।

(८) उपदफा (१) को खण्ड (ढ) बमोजिम बैङ्कको आदेशबाट हटाइएका सञ्चालक, व्यवस्थापक वा कर्मचारीले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सञ्चालक, व्यवस्थापक वा कर्मचारीको पद वा कुनै पनि वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कुनै पनि पदमा रही वा अन्य कुनै पनि तरिकाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्बद्ध भई कुनै काम कारोबारसमेत गर्न पाउने छैन ।

(९) उपदफा (१) को खण्ड (ढ) बमोजिम हटाइएको कुनै पनि सञ्चालक, व्यवस्थापक वा कर्मचारी वा खण्ड (ण) बमोजिम निलम्बन भएको सञ्चालक समितिका सदस्यहरुले सो आदेश भएको मितिदेखि प्रचलित कुनै कानूनबमोजिम वा निजहरुसँग कुनै प्रत्यक्ष वा अप्रत्यक्ष सम्झौता भएको भए सो सम्झौतामा उल्लिखित कुनै पनि पारिश्रमिक वा क्षतिपूर्तिको दावी गर्न पाउने छैनन् ।

(१०) समस्याग्रस्त कुनै पनि वाणिज्य बैङ्क वा वित्तीय संस्थाको पूँजीको निर्धारण, सम्पत्ति तथा दायित्वको मूल्यांकन बैङ्कले तोकिदिएबमोजिमको आधार, प्रक्रिया र मापदण्डबमोजिम हुनेछ ।

८६घ. <u>बैङ्कले वाणिज्य बैङ्क वा वित्तीय संस्था नियन्त्रणमा लिएपछिको असर</u> : (१) दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिमको आदेश दिई बैङ्कले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई सोको व्यवस्थापन तथा कारोबार सञ्चालन गर्दा गराउंदाको अवस्थामा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाका सञ्चालक, व्यवस्थापक तथा कर्मचारीले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति, जायजेथा तथा सम्पूर्ण कारोबार तथा सोको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विवरण र कारोबार सञ्चालन गर्न आवश्यक पर्ने सम्पूर्ण सहयोग तथा सुविधाहरु बैङ्क वा बैङ्कबाट नियुक्त भएको अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम बैङ्कले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई आफ्नो नियन्त्रणमा लिने आदेश दिएकोमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन तथा सञ्चालन गर्न नियुक्त अधिकारीले बैङ्कले दिएको आदेशको परिधिभित्र रही सो आदेशउपर बैङ्कले अन्यथा निर्णय नगरेसम्म त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति तथा कारोबार आफ्नो नियन्त्रणमा लिई सोको सञ्चालन त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको नामबाट गर्नु पर्नेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले आफ्नो नियन्त्रणमा लिएको कुनै पनि वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन तथा सञ्चालन गर्न नियुक्त अधिकारीले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था, सोको सञ्चालक समिति, शेयरधनी वा व्यवस्थापकलाई प्रचलित कानून, त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीले प्रदान गरेको सम्पूर्ण अधिकार आवश्यकता अनुसार प्रयोग गर्न सक्नेछ र त्यस्तो अधिकारीले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको साधारण सभा वा विशेष साधारण सभाले गर्ने काम वा अन्य कुनै प्रकारले प्रयोग गर्न पाउने अधिकारकोसमेत प्रयोग गर्न सक्नेछ ।

(४) कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन आफ्नो नियन्त्रणमा लिएको बैङ्कको आदेश बहाल रहेसम्म दफा ८६ग. को उपदफा (१) को खण्ड (ढ) बमोजिम हटाइएका सञ्चालक, व्यवस्थापक वा

१२६०


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर्मचारी तथा खण्ड (ण) बमोजिम निलम्बन गरिएको सञ्चालक समितिको सदस्यलाई त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन तथा सञ्चालन गर्न बैङ्कबाट नियुक्त अधिकारीले लिखित स्वीकृति नदिएसम्म समस्याग्रस्त रहेको अवधिभर त्यस्ता सञ्चालक, व्यवस्थापक वा कर्मचारीले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापनमा संलग्न हुन वा कुनै प्रकारको पारिश्रमिक वा सुविधा लिन पाउने छैन।

८६ङ. <u>बैङ्क वा बैङ्कबाट नियुक्त अधिकारीले प्रयोग गर्ने सुधारात्मक उपाय तथा अधिकारहरु</u> : (१) कम्पनी ऐन तथा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कबाट कुनै समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम आफ्नो नियन्त्रणमा लिने आदेश जारी गरी सोको व्यवस्थापन तथा सञ्चालन गर्न बैङ्क आफै वा बैङ्कबाट नियुक्त अधिकारीले बैङ्कको पूर्वस्वीकृति लिई त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको पुनर्संरचना गर्न देहायका कुनै एक वा एकभन्दा बढी सुधारात्मक उपायहरु अवलम्बन गर्न वा गराउन सक्नेछ :-

(क) नेपाल राज्यभित्र वा बाहिर सञ्चालन भैरहेको कुनै कारोबार रद्द वा निलम्बन गर्ने,

(ख) बैङ्कले तोकिदिएका शर्त तथा मापदण्डका आधारमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति अन्य कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई बिक्री गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थामा कार्यरत कर्मचारीको सेवा अन्त्य गर्ने वा निजहरुको स्थानमा आवश्यकता अनुसार नयाँ कर्मचारी खटाउने,

(घ) आवश्यक देखिएमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई अन्य वाणिज्य बैङ्क वा वित्तीय संस्थामा गाभ्ने वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कुनै वा सबै सम्पत्ति तथा दायित्व अन्य कुनै वाणिज्य बैङ्क, वित्तीय संस्था वा अन्य कुनै निकायमा हस्तान्तरण गर्ने प्रबन्ध मिलाउने,

(ङ) बैंकले तोकेको मापदण्डको अधीनमा रही तत्काल कायम रहेका शेयरधनीहरुको सहभागिता कम गराउन अन्य व्यक्तिहरुलाई शेयर बिक्री गरी पूँजी वृद्धि गर्ने वा सञ्चालक समितिको पुनर्गठन गरी त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको पुनर्संरचना गर्ने,

(च) दफा ८६ज. बमोजिम त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्तिको वास्तविक मूल्य प्रतिविम्बित हुने गरी पूँजी घटाउने र शेयरको अङ्कित मूल्य सोही पूँजीको अनुपातमा समायोजन गर्ने,

(छ) निक्षेपकर्ता, शेयरधनी, साहू तथा सर्वसाधारणको हितका लागि आवश्यक व्यवस्थापकीय पुनर्संरचना गर्ने वा सुचारुरुपले कारोबार सञ्चालन हुन नसकेको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शाखा तथा कारोबार बन्द गरी संस्थागत पुनर्संरचना गर्ने,

(ज) समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई सक्षम बनाउन आफूले तोकिदिएबमोजिमका अन्य उपायहरु अवलम्बन गर्ने गराउने ।

(२) कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाउपर उपदफा (१) को खण्ड (च) वा (छ) बमोजिम कुनै निर्णय लिनुपर्दा सो विषयमा निर्णय लिनुअघि सरोकारवालालाई मनासिब सुनुवाईको मौका दिनु पर्नेछ ।

तर अग्रीम सुनुवाईको मौका प्रदान गर्दा सोको निक्षेपकर्ता, शेयरधनी, साहू वा सर्वसाधारणको हितमा प्रतिकूल असर पर्छ भन्ने बैङ्कलाई लागेमा त्यस्तो निर्णय लिई यथासम्भव छिटो सुनुवाईको मौका प्रदान गर्नु पर्नेछ र त्यसरी भएको सुनुवाईबाट बैङ्क सन्तुष्ट हुने कारण र आधार खुल्न आएमा सो निर्णयलाई आवश्यकता अनुसार परिवर्तन वा खारेज गर्न सकिनेछ ।

८६च. <u>उपचारात्मक कार्य गर्ने बैङ्कको अधिकार</u> : (१) बैङ्कले दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको नियन्त्रण आफूले लिएको एक वर्षभित्र त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापनपरीक्षण वा लेखापरीक्षण गरी वा गराई सोको प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थापन परीक्षण वा लेखापरीक्षण प्रतिवेदनको आधारमा कम्पनी


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ऐन तथा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्क आफूले नियन्त्रणमा लिएको कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था राम्रोसँग सञ्चालन हुन सक्छ भन्ने कुरामा बैङ्क विश्वस्त भएमा बैङ्कले आवश्यकता अनुसार देहायका उपचारात्मक कार्यहरु गर्न सक्नेछ :-

(क) दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम निलम्बित सञ्चालक समितिको निलम्बन फुकुवा गरी पुनः सोही सञ्चालक समितिलाई व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न आदेश दिने,

(ख) दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम निलम्बित सञ्चालक समितिलाई बर्खास्त गरी त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाका शेयरधनीहरुमध्येबाट नयाँ सञ्चालक समितिको गठन गरी व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न लगाउने,

(ग) दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम निलम्बित सञ्चालक समितिलाई बर्खास्त गरी त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको साधारण सभा बोलाई सोको व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न नयाँ सञ्चालक समितिको गठन गर्ने गराउने, वा

(घ) बैङ्कले उपयुक्त देखेको अन्य कुनै उपचारात्मक उपाय अवलम्बन गर्ने ।



१२८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) बमोजिमको व्यवस्थापन परीक्षण वा लेखापरीक्षण प्रतिवेदन वा बैङ्कद्वारा नियुक्त अधिकारीको प्रतिवेदनको आधारमा बैङ्कले सार्वजनिक सूचना प्रकाशन गरी देहायबमोजिमका कार्यहरु गर्ने गराउने आदेश दिन सक्नेछ :-

(क) बैङ्कले तोकेको मापदण्डको अधीनमा रही आवश्यकतानुसार नेपाल धितोपत्र बोर्ड र नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थाका प्रतिनिधि तथा अन्य बाह्य विशेषज्ञसमेत समावेश गरी गठन गरेको समितिले निर्धारण गरिदिएको मूल्य भुक्तानी पाउने गरी कुनै शेयरधनीलाई निजको नाममा रहेको शेयरको स्वामित्व बैङ्कले उचित ठहराएको कुनै व्यक्तिलाई बिक्री, वितरण तथा हस्तान्तरण गर्न लगाउने,

(ख) बैङ्कले निर्धारण गरेका शर्त तथा आधारको परिधिभित्र रही समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कुनै वा सबै सम्पत्ति तथा दायित्व अन्य वाणिज्य बैङ्क, वित्तीय संस्था वा अन्य निकायमा खण्डिकृत वा एकमुष्ट रुपमा हस्तान्तरण गर्ने गराउने,

(ग) दफा ८६ञ. को परिधिभित्र रही समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको केही वा सबै सम्पत्ति तथा दायित्व बैङ्कले निर्धारण गरेका शर्त तथा आधारबमोजिम अन्य कुनै वाणिज्य बैङ्क, वित्तीय संस्था वा बैङ्कले उचित ठहराएको अन्य कुनै निकायमा गाभ्ने,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) दफा ८६ञ. र ८६ट. बमोजिम समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व प्राप्त गर्ने गरी नेपाल सरकारको लगानीमा नयाँ वाणिज्य बैङ्क वा वित्तीय संस्था स्थापना गर्ने गराउने ।

(४) उपदफा (३) को खण्ड (क) बमोजिम कुनै कारणले शेयर बिक्री, वितरण तथा हस्तान्तरण हुन नसकेमा त्यस्तो शेयर बैङ्कले जफत गरिदिन सक्नेछ र त्यसरी जफत गरिएको शेयर बैङ्कले उपयुक्त ठहऱ्याएको तरिकाबाट उपदफा (३) को खण्ड (क) बमोजिम गठित समितिको रायसमेत लिई अरु कसैलाई बिक्री, वितरण तथा हस्तान्तरण गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिमको निर्णय कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाउपर लिनु पर्दा बैङ्कले प्रस्तावित विषयमा निर्णय लिनुअघि सरोकारवालालाई मनासिब माफिकको सुनुवाईको मौका दिनु पर्नेछ ।

तर अग्रीम सुनुवाईको मौका प्रदान गर्दा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था, सोका निक्षेपकर्ता, शेयरधनी, साहू वा सर्वसाधारणको हितमा प्रतिकूल असर पर्छ भन्ने बैङ्कलाई लागेमा त्यस्तो निर्णय लिई यथासंभव छिटो सुनुवाईको मौका प्रदान गर्नु पर्नेछ र त्यसरी भएको सुनुवाईबाट बैङ्क सन्तुष्ट हुने कारण र आधार खुल्न आएमा सो निर्णयलाई आवश्यकता अनुसार परिवर्तन वा खारेज गर्न सकिनेछ ।

८६छ. <u>खारेजीको लागि निवेदन दिन सक्ने</u> : कुनै समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाउपर दफा ८६ग. बमोजिमको कारवाही चलाउँदा, दफा ८६ङ. बमोजिमको सुधारात्मक उपाय अवलम्बन गर्दा वा दफा

१२८३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८६च. बमोजिमको उपचारात्मक कार्य गर्दा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाले पूरा गर्नु पर्ने दायित्व पूरा गर्न असमर्थ भएको वा राम्रोसँग सञ्चालन हुन नसक्ने अवस्थामा पुगेको कुरामा बैङ्क विश्वस्त भएमा बैङ्कले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई खारेज गर्न पुनरावेदन अदालतमा निवेदन दिन सक्नेछ ।

८६ज. समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको पूँजी घटाउन सक्ने : (१) कम्पनी ऐन तथा अन्य प्रचलित कानून वा समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम बैङ्कले समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई आफ्नो नियन्त्रणमा लिएपछि त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको चुक्ता पूँजी क्षय भएको वा शेयरधनीबाट चुक्ता हुनु पर्ने रकम चुक्ता नभएको वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको दायित्व सम्पत्तिले नखाम्ने देखिएमा त्यसरी क्षय भएको वा सम्पत्तिले नखाम्ने हदसम्मको पूँजीको अंश रद्द गरी शेयर पूँजी घटाउन सक्नेछ ।

तर त्यसरी शेयर पूँजी घटाउनु अघि बैङ्कले सोको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कम्तीमा दुई पटक प्रकाशन गर्नु पर्नेछ ।

(२) कम्पनी ऐन, अन्य प्रचलित कानून तथा समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८६च. को उपदफा (३) को खण्ड (ख), (ग) वा (घ) बमोजिम कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कुनै वा सबै सम्पत्ति तथा दायित्व अर्को वाणिज्य बैङ्क, वित्तीय संस्था वा अन्य कुनै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निकायमा सार्ने आदेश वा निर्णय बैङ्कले गरेकोमा सोको सूचना राष्ट्रिय स्तरका दैनिक पत्रिकामा कम्तीमा दुई पटक प्रकाशन गरी बाँकी शेयर रद्द गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा शेयरको चुक्ता मूल्यको रकम भुक्तानी नगरेका शेयरधनीहरुको हकमा त्यस्तो रकम चुक्ता गर्न बैङ्कले तीस दिनको समयावधि दिनु पर्नेछ। त्यसरी सूचना जारी गर्दा माग गरिएको रकम चुक्ता नगर्ने शेयरधनीहरुको शेयर बैङ्कले रद्द गर्ने प्रक्रिया अगाडि बढाउन सक्नेछ र दामासाहीमा वा खारेजीमा परेको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको शेयरको हकमा बैङ्कले त्यस्तो शेयर पूँजीको न्यूनतम मूल्य कायम गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम बैङ्कले समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको शेयर पूँजी घटाएमा वा उपदफा (३) बमोजिम शेयर रद्द गरेमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा सोहीबमोजिम स्वतः संशोधन भएको मानिनेछ।

८६झ. बैङ्कको आदेशउपर पुनरावेदन गर्ने अधिकार : (१) दफा ८६ग., ८६घ., ८६ङ., ८६च. र ८६ज. बमोजिम बैङ्क वा बैङ्कबाट नियुक्त अधिकारीले गरेको कुनै कार्य, आदेश, निर्णय वा कारबाहीउपर चित्त नबुझेमा त्यस्तो कार्य, आदेश, निर्णय वा कारबाहीउपर पन्ध्र दिनभित्र समितिसमक्ष पुनरावेदन गर्ने अधिकार त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाका शेयरधनीको प्रतिनिधिलाई मात्र हुनेछ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि "शेयरधनीको प्रतिनिधि" भन्नाले तत्काल कायम रहेको

१२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चुक्ता पूँजीको कम्तीमा पच्चिस प्रतिशत शेयरको प्रतिनिधित्व हुनेगरी शेयरधनीहरुले आफूमध्येबाट चुनेको व्यक्ति सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र तत्काल कायम रहेको चुक्ता पूँजीको कम्तीमा पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व नहुने गरी परेको पुनरावेदनउपर सुनवाई हुने छैन ।

(३) उपदफा (१) बमोजिम बैङ्कसमक्ष पुनरावेदन परेकोमा सो पुनरावेदन प्राप्त गरेको मितिले तीस दिनभित्र समितिले सम्बद्ध प्रमाण, आधार र कारणहरु खुलाई बैङ्क वा बैङ्कले नियुक्त गरेको अधिकारीले गरेको कार्य, आदेश, निर्णय वा कारबाही, समर्थन, पुनरावलोकन वा बदर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम गरिएको निर्णयको जानकारी समितिले पन्ध्र दिनभित्र सम्बन्धित शेयरधनीको प्रतिनिधिलाई दिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम बैङ्क वा बैङ्कले नियुक्त गरेको अधिकारीले गरेको कार्य, आदेश, निर्णय वा कारबाही समितिले बदर गरेकोमाबाहेक त्यस्ता काम कारबाहीहरु यथावत कायम रहनेछन् ।

(६) शेयरधनीको प्रतिनिधिको पुनरावेदनउपर उपदफा (३) बमोजिम समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

८६ञ. <u>समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व हस्तान्तरण गर्न सक्ने</u> : (१) दफा ८६च. को उपदफा (३) को खण्ड (ख), (ग) वा (घ) बमोजिम समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको केही वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सबै सम्पत्ति तथा दायित्व हस्तान्तरण गर्न बैङ्कले आदेश गरेकोमा त्यस्तो आदेशको सूचना सार्वजनिक रुपमा प्रकाशन गरी बैङ्कले उचित ठहऱ्याएका शर्त तथा मापदण्डका आधारमा अन्य वाणिज्य बैङ्क वा वित्तीय संस्था वा निकायमा हस्तान्तरण गर्न सक्नेछ ।

(२) बैङ्कले समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको जायजेथाको यथार्थ, विस्तृत तथा सम्वेदनशील विषयको जानकारी वा सम्पत्ति तथा कारोबारको विवरण त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व प्राप्त गर्न इच्छुक वाणिज्य बैङ्क, वित्तीय संस्था वा अन्य निकायलाई गोप्यताको शर्त तोकी उपलब्ध गराउन सक्नेछ ।

८६ट. सम्पत्ति तथा दायित्व हस्तान्तरणको आधार : दफा ८६ञ. मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा कुनै पनि समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व अन्य वाणिज्य बैङ्क, वित्तीय संस्था वा अन्य निकायमा हस्तान्तरण गर्न सकिने छैन :-

(क) निक्षेपकर्ता, शेयरधनी, साहू वा सर्वसाधारणको हितविपरित हुने देखिएमा,

(ख) सम्पत्ति तथा दायित्वसँग सम्बन्धित कारोबार सक्षम तरिकाबाट सञ्चालन गर्न सक्ने तथा निक्षेपकर्ता, शेयरधनी तथा साहूप्रतिको दायित्व बहन गर्न सक्ने नदेखिएमा,

(ग) सम्पत्ति तथा दायित्व हस्तान्तरण गरी लिने वाणिज्य बैङ्क, वित्तीय संस्था वा अन्य निकायले सम्पत्तिको समुचित प्रयोग र

१२८०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दायित्व पूरा गर्न बैङ्कले तोकेको शर्तमा लिखित सहमति जनाउन अस्वीकार गरेमा ।

८६ठ. हस्तान्तरणको परिणाम : कम्पनी ऐन तथा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कको आदेशबमोजिम समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति र दायित्व अन्य कुनै वाणिज्य बैङ्क, वित्तीय संस्था वा अन्य निकायमा हस्तान्तरण भएकोमा त्यस्तो आदेशमा तोकिएको मितिदेखि त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति, दायित्व, कारोबार तथा अन्य सम्बद्ध कुराहरुमा देहायबमोजिम हुनेछ :-

(क) समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व कुनै वाणिज्य बैङ्क, वित्तीय संस्था वा अन्य निकायमा हस्तान्तरण भएकोमा त्यस्तो सम्पत्ति तथा दायित्वमाथि रहेको सम्पूर्ण अधिकार तथा कर्तव्य त्यस्तो सम्पत्ति तथा दायित्व प्राप्त गर्ने वाणिज्य बैङ्क, वित्तीय संस्था वा अन्य निकायमा स्वतः हस्तान्तरण भएको मानिनेछ ।

(ख) खण्ड (क) बमोजिम सम्पत्ति तथा दायित्व हस्तान्तरण भएकोमा त्यस्तो सम्पत्ति तथा दायित्व प्राप्त गर्ने वाणिज्य बैङ्क, वित्तीय संस्था वा अन्य निकायको नाममा हस्तान्तरण हुन प्रचलित कानूनबमोजिम नामसारी लगायत अन्य कार्यविधि पूरा गर्नु पर्ने रहेछ भने सोहीबमोजिम सम्बन्धित अधिकारीले नामसारी गरिदिनु पर्नेछ ।

१२८१


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर नामसारी नभएको कारणले मात्र त्यस्तो सम्पत्ति तथा दायित्व हस्तान्तरण नभएको मानिने छैन ।

(ग) समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व प्राप्त गर्ने वाणिज्य बैङ्क, वित्तीय संस्था वा अन्य निकायले लिखित सहमति जनाएका बुँदाहरु तथा बैङ्कले यस ऐन र वाणिज्य बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनबमोजिम समय समयमा दिएका निर्देशनहरुको पालना गर्नु पर्नेछ ।

(घ) समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व कुनै वाणिज्य बैङ्क, वित्तीय संस्था वा अन्य निकायमा हस्तान्तरण भएकोमा सोको कार्यान्वयन गर्न हस्तान्तरित सम्पत्ति तथा दायित्वको कारोबारको सीमासम्म यस ऐनबमोजिम प्रदान गरिएको बैङ्किङ्ग तथा वित्तीय कारोबार गर्ने इजाजतपत्रमा स्वतः संशोधन भएको मानिनेछ र समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई प्रदान गरेको इजाजतपत्र खारेज भएको मानिनेछ ।

(ङ) समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको हस्तान्तरित सम्पत्ति तथा दायित्वको सीमासम्म त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थासँग सम्बन्धित तथा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था पक्ष वा विपक्ष भएका सम्पूर्ण सम्झौता, करार, अधिकार, प्रतिनिधित्व गर्ने अधिकार, धितो, सुरक्षण, उपकरण जस्ता कुराहरु तथा उत्तरदायित्व त्यसरी सम्पत्ति तथा दायित्व प्राप्त

१९८


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने वाणिज्य बैङ्क, वित्तीय संस्था वा अन्य निकायमा हस्तान्तरण भएको मानिनेछ ।

(च) खण्ड (ङ) बमोजिम हस्तान्तरण भएकोमा त्यस्तो सम्पत्ति तथा दायित्व प्राप्त गर्ने वाणिज्य बैङ्क, वित्तीय संस्था वा अन्य निकायले सोको सीमासम्म त्यस्तो समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्था पक्ष वा विपक्ष भएका सबै कामकारबाही आफ्नो नामबाट सञ्चालन गर्नेछ ।

८६ङ. हस्तान्तरणको आदेश अन्तिम हुने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम बैङ्कले कुनै समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व अन्य वाणिज्य बैङ्क, वित्तीय संस्था वा अन्य निकायमा हस्तान्तरण गर्नेगरी दिएको आदेश अन्तिम हुनेछ ।

८६ढ. कामकारबाहीमा रोक लगाउन सक्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले आवश्यक देखेमा बैङ्किङ्ग तथा वित्तीय प्रणालीको स्वस्थ विकास, स्थायित्व तथा निक्षेपकर्ताको हितलाई ध्यानमा राखी देहायबमोजिम गर्न सक्नेछ :-

(क) समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्था पक्ष वा विपक्ष भएका देवानी प्रकृतिका कुनै पनि कामकारबाही, कारोबार र सोसँग सम्बन्धित कुनै वा सबै मुद्दाको सुनुवाई बढीमा छ महिनासम्म स्थगन गर्ने गरी आदेश जारी गरी पाउन पुनरावेदन अदालतमा निवेदन दिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति, बही, खाता आदि आफ्नो कब्जा वा नियन्त्रणमा लिने ।

५. मूल ऐनको दफा १०८ मा संशोधन : मूल ऐनको दफा १०८ को सट्टा देहायको दफा १०८ राखिएकोछ :-

"१०८. शपथग्रहण गर्ने : (१) आफ्नो ओहदाको काम शुरु गर्नुभन्दा अगाडि गभर्नर तथा संचालकले सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा निजले तोकेको न्यायाधीशसमक्ष र डेपुटी गभर्नरले गभर्नरसमक्ष अनुसूचीबमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।

(२) बैङ्कमा पहिलो पटक नियुक्त कर्मचारी वा सल्लाहकारले आफ्नो ओहदाको काम शुरु गर्नुभन्दा अगाडि तोकिएबमोजिम पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।"

६. मूल ऐनको दफा ११० मा संशोधन : मूल ऐनको दफा ११० को,-

(१)उपदफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएकोछ :-

"(घ) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न समितिले आवश्यक ठानेका अन्य विषयहरु ।"

(२) उपदफा (२) को खण्ड (ढ) पछि देहायको खण्ड (ण) थपिएकोछ :-

"(ण) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषयहरु"

१२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. नेपाल राष्ट्र बैङ्क (पहिलो संशोधन) अध्यादेश निष्क्रिय भएपछि त्यसको परिणाम : नेपाल राष्ट्र बैङ्क (पहिलो संशोधन) अध्यादेश, २०६२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,

(क) सो अध्यादेश निष्क्रिय हुंदाका वखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन ।

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुऱ्याइ अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

१२८५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची
(दफा १०८ को उपदफा (१) सँग सम्बन्धित)
शपथग्रहण फाराम

म.................................. नेपाल राष्ट्र बैङ्कको .............................. को पदमा नियुक्त भएकोले सो .............................. पदको कर्तव्य इमान्दारीसाथ पालना गर्नेछु र बैङ्कको हितलाई सदैव ध्यानमा राख्नेछु। बैङ्कको कारोबार तथा गोप्य राख्नु पर्ने कुराहरु कहीं कतै प्रकाश पार्ने छैन। .............................. को हैसियतले सञ्चालक समितिले अधिकार दिएको र कानूनले बाध्य गरेको अवस्थामाबाहेक मेरो जानकारीमा आएका जानकारी तथा सूचना पदमा बहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै पनि प्रकारले कसैलाई जानकारी दिने छैन भनी ईमान धर्म सम्झी सत्य निष्ठापूर्वक शपथ ग्रहण गर्दछु।

| शपथग्रहण गर्ने पदाधिकारीको | शपथग्रहण गराउने पदाधिकारीको |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम: |
| पद : | पद: |
| मिति : | मितिः |
| | छाप : |

प्रमाणीकरण मितिः २०६३।७।२३।५

आज्ञाले,
डा. कुलरत्न भूर्तेल
नेपाल सरकारको सचिव

१२८६३



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित। मूल्य रु.१५।–
गो.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग